नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय

# केन्द्रीय तथ्याङ्क विभाग

# राष्ट्रिय आर्थिक गणना २०७५

## जिल्ला आर्थिक गणना कार्यालय

**कपिलवस्तु**

मिति :२०७४/१२/६

**विषय :– करारमा गणक आवश्यकता सम्वन्धि सुचना ।**

प्रस्तुत विषयमा केन्द्रीय तथ्यांक विभागद्वारा संचालन हुन गईरहेको प्रथम **राष्ट्रिय आर्थिक गणना २०७५** सम्पन्न गर्न जिल्ला आर्थिक गणना कार्यालय कपिलवस्तुलाई तपसिल वमोजिमको स्थानीय तहहरुमा तथ्यांक संकलन गर्न गणकहरु आवश्यक भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुले लिखित निवेदन, दस जोड दुईको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र नागरिकताको प्रतिलिपी सहित सम्वन्धित स्थानीय तहको कार्यालयमा मिति २०७४-१२-१२ सम्ममा आवेदन दिन यो सुचना प्रकाशित गरिएको छ ।

| क. सं. | स्थानीय तह | आवश्यक गणक संख्या | क. सं. | स्थानीय तह | आवश्यक गणक संख्या |
|---|---|---|---|---|---|
| १ | विजयनगर गापा | २ | ६ | यशोधरा गापा | २ |
| २ | शिवराज नपा | ५ | ७ | बुद्धभुमि नपा | ४ |
| ३ | कृष्णनगर नपा | ५ | ८ | बाणगंगा नपा | ५ |
| ४ | महाराजगंज नपा | ३ | ९ | शुद्धोधन गापा | २ |
| ५ | कपिलवस्तु नपा | ५ | १० | मायादेवी गापा | ३ |

**आवश्यक योग्यता** ; कम्तीमा १०० पूर्णाङ्कको अनिवार्य गणित वा तथ्यांकशास्त्र लिई विज्ञान वा व्यवस्थापन वा मानविकी वा इन्जिनियरिंग वा वन विज्ञान संकाय अन्तर्गत प्रविणता प्रमाणपत्र तह वा प्लस टु तह उत्तीर्ण गरेको
स्थानीय भाषामा बोल्न, बुझ्न र अरुलाई बुझाउन सक्ने
सुचना प्रविधि जस्तै कम्प्युटर, ट्याबलेट स्मार्टफोन जस्ता साधनहरु राम्रो संग प्रयोग गर्न सक्ने
कम्तिमा १८ बर्ष उमेर पुगेको र ४५ बर्ष ननाघेको
नेपाली भाषा तथा अंग्रेजी भाषा स्पस्ट तथा शुद्ध लेख्न सक्ने
मिलनसार तथा आकर्षक ब्यक्तित्व
जिल्लाका गाऊपालिका, नगरपालिका, गाऊबस्ती टोलको अवस्थिति, भौगोलिक सामाजिक र आर्थिक प्रतिस्ठानहरुको सघनता, संरचना र अवस्थिति आदिवारे जानकारी भएको उपलब्ध भएसम्म स्थानीय ब्यक्ति

**सेवा सुविधा** ; छनौट प्रक्रिया पुरा गरी कार्य सम्पन्न गर्ने गणकलाई बढीमा २.५ महिनाको नेपाल सरकार रा.प.अन. द्वितीय श्रेणीको स्केल (१००प्रतिशत) बराबर को निश्चित रकम
फिल्डमा गई कार्य गर्दा माथि उल्लेखित निश्चित रकम बाहेक अन्य कुनै पनि सेवा सुविधा, दैनिक भ्रमण भत्ता, भत्ता उपलब्ध हुने छैन ।

**छनौट प्रक्रिया** ; कुनै निश्चित स्थानीय तहमा परेका जम्मा आवेदनहरुबाट प्रमाणपत्र तह वा दश जोड दुईको कुल प्राप्तांक प्रतिशतको(बढि प्रतिशत/**मेरिट लिस्ट**) आधारमा सोही स्थानीय तहमा काम गर्ने गणकहरु छनौट गरिने छ । यदि प्राप्तांक प्रतिशत बराबर भएमा उक्त तहको गणित विषयको प्राप्तांक प्रतिशतलाई आधार मानिने छ ।

**जिल्ला आर्थिक गणना अधिकृत**